# आकाशवाणी समाचार- नेपाली
## मितिः २३ जून २०२६
## समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज साझ राष्ट्रपति भवनमा आयोजित दोस्रो नागरिक अलंकरण समारोहमा पद्म पुरस्कार प्रदान गर्नु हुनेछ।

- प्रधानमंत्री नरेन्द्र मोदीले भन्नु भएको छ भारत द्रुत गतिले विकसित भइरहेको भर पर्दो अर्थव्यवस्था अनि विश्वसनीय शक्ति हो।

- राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले हिजो नयाँ दिल्लीमा ब्रिक्सका 16औँ राष्ट्रिय सुरक्षा सल्लाहकारहरूको बैठकको अवसरमा चिनका समकक्षी वाङ यी सित द्विपक्षीय वार्ता गर्नुभयो।

- लखनउमा भएको आगलागीबारे पुलिसले छ जनाविरुद्ध मुद्दा दर्ता गरेको छ भने चार जनालाई पक्राउ गरेको छ।

- **एफ.आई.एच प्रो लीग को** शुरूआती मुकाबलामा आज भारतीय पुरुष हॉकी टीमको सामना पाकिस्तान सित हुनेछ।

**पद्म पुरस्कार- राष्ट्रपति**

राष्ट्रपति द्रौपदी मुर्मुले आज साँझ राष्ट्रपति भवनमा आयोजित दोस्रो नागरिक अलंकरण समारोहमा पद्म पुरस्कार प्रदान गर्नुहुनेछ। यस अवधिमा दुई पद्मविभूषण, सात पद्मभूषण र 56 पद्मश्री सहित कुल 65 पद्म विभूषण प्रदान गरिनेछ। भारतीय क्रिकेट टिमका कप्तान रोहित शर्मा, गायक अलका याग्निक, अभिनेता ममुट्टी, भारतीय टेनिस खेलाडी विजय अमृतराजलाई पद्म पुरस्कार प्रदान गरिने भएको छ। गणतन्त्र दिवसको पूर्वसन्ध्यामा सरकारले सन् 2026 का लागि पाँच पद्मविभूषण सहित एक सय 31 पद्म विभूषण घोषणा गरेको थियो। पद्म अलंकरण देशको सर्वोच्च नागरिक पुरस्कारहरू मध्ये एक हो। जो कला, साहित्य, शिक्षा, समाजसेवा, विज्ञान तथा इन्जिनियरिङ, व्यापार तथा उद्योग, चिकित्सा, खेलकुद लगायत विभिन्न क्षेत्रमा विशिष्ट र विशिष्ट उपलब्धिका लागि प्रदान गरिन्छ।

**प्रधानमंत्री- रिपब्लिक सम्मेलन**

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नु भएको छ भारत द्रुत गतिले विकसित भइरहेको भर पर्दो अर्थव्यवस्था अनि विश्वसनीय शक्ति हो। श्री मोदीले हिज नयां दिल्लीमा एक निजी मीडिया हाउस द्वारा आयोजित सम्मेलनमा भन्नु भयो पछिलो दशकमा भारतको उपलब्धिहरु **राष्ट्र प्रथम** को भावनाले निदेर्शित रह्यो। वर्तमानमा लीएका निर्णय अनि कार्यहरु शताब्दीऔ सम्म देशको भविष्यको आधारशिला रहने पनि उहाँले बताउनु भयो। प्रधानमंत्रीले जी-7 शिखर सम्मेलनमा आफ्नो हालैको भागीदारीको उल्लेख गर्नु हुदै भन्नु भयो विश्व नेताहरुले राष्ट्र प्रथमको सिद्धांत प्रति भारतको अटल प्रतिबद्धतालाई बुझेका छन्।
बाइट- पीएम -1
प्रधानमन्त्री मोदीले शताब्दीयौं देखि संरक्षित सम्झनाहरू भारतको चेतनामा जीवित रहेको बताउनु भयो। अहिले उठाइयेका कदमहरूले अर्को हजार वर्षको भविष्यलाई आकार दिनेछ। सरकारको 12 वर्षको सेवाकार्यहरुको स्मरण गर्नु हुदै प्रधानमन्त्रीले भन्नुभयो, "मोबाइल कनेक्टिभिटी अहिले देशको लगभग 45 हजार गाउँमा पुगेको छ। झन्डै 75 हजार ब्यांक कर्मचारीले काम गरिरहेको अनि 6 हजारभन्दा बढी डाक कार्यालय खुलेको पनि उहँल बताँउनु भयो।

बाइट- पीएम-2

श्री मोदीले भन्नुभयो, आज केही मानिसहरूले संविधानको मुद्दा उठाएका छन्, तर जब तिनीहरू सत्तामा थिए, नक्सल प्रभावित क्षेत्रहरूलाई संविधानको नामले मात्र गोली हानियो। प्रधानमन्त्री मोदीले भन्नुभयो, 'माओवादी आतङ्कले अब अन्तिम सास लिइरहेको छ। बस्तर ओलम्पिकको बढ्दो सफलताले यो प्रमाण दिन्छ कि युवाहरूको प्रतिभाले अब डर र आतंकको ठाउँ लिइरहेको छ। प्रधान मन्त्रीले भन्नुभयो, स्वच्छ भारत अभियान र मेक इन इन्डिया जस्ता पहलहरू सफल भएका छन् किनभने देशका जनताले राष्ट्रलाई सर्वोपरि राखेका छन् र देशप्रति आफ्नो कर्तव्य पूरा गरेका छन्। आकांक्षी भारतको उदयमाथि जोड दिँनु हुदै श्री मोदीले भन्नुभयो, देश निराशाबाट आत्मविश्वास र नयाँ अवसरहरूको युगमा अघि बढेको छ।

मध्यम वर्गलाई आर्थिक सुधारका फाइदाहरूको उल्लेख गर्दै प्रधान मन्त्रीले भन्नुभयो, करमा  राहतको उपायहरूले परिवारहरूको कर मुक्त आय बढाएको छ। प्रौद्योगिकी सुधारहरूले कर प्रशासनलाई सरल बनाएको छ, अनुपालन बोझ कम गरेको छ अनि पारदर्शिता बढाएको छ। उहाँले विश्वमा अभूतपूर्व उथलपुथलले गम्भीर चुनौती खडा गरेको तर यसको साथै विकास र नवप्रवर्तनका लागि नयाँ अवसरहरू सिर्जना गरेको बताउनु भयो । उहाँले  देशका युवा, उद्यमी, नवप्रवर्तनकर्ता र स्टार्ट-अपहरूलाई राष्ट्रको प्रगतिमा योगदान गर्न यी अवसरहरूको फाइदा उठाउन आग्रह गर्नु भयो।

भारतको उज्ज्वल भविष्यमा विश्वास व्यक्त गर्नु हुदै प्रधान मन्त्रीले भन्नुभयो, एक सय 40  करोड भारतीयहरूको सामूहिक प्रयासले विकसित भारतको लक्ष्य प्राप्त  गर्न मद्दत गर्नेछ।

बाइट- पीएम-3

**एनएसए-डोभाल चीन**

राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले हिजो नयाँ दिल्लीमा ब्रिक्सका 16औँ राष्ट्रिय सुरक्षा सल्लाहकारहरूको बैठकको अवसरमा चिनका समकक्षी वाङ यी सित  द्विपक्षीय वार्ता गर्नुभयो।

बैठकमा दुई देशबीचको सम्बन्धलाई सामान्य बनाउने दिशामा भएको प्रगति लगायत आपसी सहयोगका महत्वपूर्ण विषयमा छलफल भएको थियो । श्री डोभालले भारत र चीन बीचको स्थिर, विश्वसनीय र सकारात्मक सम्बन्धले दुई देशहरू बीच विश्वास र समझदारीलाई बलियो बनाउन मद्दत गर्ने बताउनु भयो ।

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले बैठकमा दुवै पक्षले पछिल्ला घटनाक्रमको समीक्षा गरेको र सकारात्मक सम्बन्धमा भएको प्रगतिप्रति सन्तोष व्यक्त गरेको जानकारी दिनु भयो ।

सन् 2020 मा गलवान घाटीमा भएको भिडन्तपछि भारत र चीन बीचको सम्बन्धमा तनाव आएको थियो । त्यसपछि दुई देशका सेनाहरू धेरै वर्षसम्म वास्तविक नियन्त्रण रेखाको विभिन्न क्षेत्रहरूमा आमने सामने तैनाथ भएक थिए ।  पछिल्लो एक वर्षमा दुई देशले सम्बन्ध सुधारका लागि कैयौँ कदम चालेका छन् । कैयौँ चरणको कूटनीतिक र सैन्य वार्तापछि दुवै देशले पूर्वी लद्दाखको वास्तविक नियन्त्रण रेखाका विवादित क्षेत्रहरूबाट आफ्ना सेना पछि हटाएका छन्।

**लखनऊ- अग्निकांड कार्रवाई**

लखनउमा भएको आगलागीबारे पुलिसले छ जनाविरुद्ध मुद्दा दर्ता गरेको छ भने चार जनालाई पक्राउ गरेको छ । अलिगन्जको एक एनिमेसन कोचिङ सेन्टरमा भएको दुर्घटनामा परी कम्तीमा 15 विद्यार्थीको मृत्यु भएको छ भने 9 जना घाइते भएका छन् । मुख्यमन्त्री योगी आदित्यनाथको निर्देशनमा लखनउको विकास प्राधिकरण, अग्निशमन विभाग र विद्युत विभागका चार अधिकारीहरूलाई निलम्बन गरिएको छ। अलीगञ्ज पुलिसले अभियुक्तहरू र केही अन्यविरुद्ध भारतीय न्याय संहिता र उत्तर प्रदेश फायर सर्भिस एक्टको सम्बन्धित धाराहरू अन्तर्गत प्राथमिकी दर्ता गरेको छ।

पुलिसले अलिगन्जको भवनलाई सिल गरेको छ । परिसरमा प्रवेश निषेध गरिएको छ । यहांबाट फरेन्सिक युनिट र फायर ब्रिगेडको टोलीले अनुसन्धानका लागि प्रमाण संकलन गर्नेछ । राज्य सरकारले घटनाको उच्च स्तरीय जांचको आदेश दिएको छ । विशेष अनुसन्धान टोली (एसआईटी) गठन गरी सात दिनभित्र रिपोर्ट बुझाउन भनिएको छ ।

**भारतीय दूतावास-कतर**

दोहास्थित भारतीय दूतावासले आइतबार राति भएको घटनामा 12 भारतीय नागरिकको मृत्यु भएको पुष्टि गरेको छ। दूतावासले सामाजिक सञ्जालमार्फत मृतकका परिवार प्रति समवेदना प्रकट गर्दै मृतकको शान्तिका लागि प्रार्थना गरेको छ। दुर्घटनामा घाइते सबैको अवस्था स्थिर रहेको र उनीहरुको उचित उपचार भइरहेको कतारीका अधिकारीहरुले पुष्टि गरेका छन्।
विदेशमन्त्री डा. सुब्रमन्यम जयशंकरले भारतीय नागरिक र अन्य नागरिकको मृत्युप्रति गहिरो दुःख व्यक्त गर्नु भएको छ। जयशंकरले कतारको दोहास्थित भारतीय दूतावासले कतारका अधिकारीहरु सित निरन्तर सम्पर्कमा रहेको र भारतीय नागरिकका परिवारलाई सहयोग गर्न खोजिरहेको बताउनु भएको छ। कतारको सबैभन्दा ठूलो ग्यास रिफाइनरीमा भएको विस्फोटमा परी कम्तीमा १३ जनाको मृत्यु हुनुका साथै ६६ जना घाइते भएका छन्।
दूतावासले कतारका अधिकारी सित प्रभावित भारतीय नागरिक र उनीहरुका परिवारलाई हरसम्भव सहयोग गर्न र मृतकहरुको शव चाँडो भारत ल्याउन सहकार्य गरिरहेको जनाएको छ।

## अंगदान रिकॉर्ड

भारतमा पाँच लाखभन्दा बढी मानिसले आफ्नो अंगदान गर्ने प्रतिबद्धता जनाएका छन्। यसले यस महान उद्देश्यप्रति नागरिकहरूको बढ्दो जागरूकता, संवेदनशीलता र सामूहिक प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयले भनेको छ, "यो उपलब्धिले मानिसहरूले अंगदानलाई एक महान कार्यको रूपमा हेरेका छन् जसले प्रत्यारोपणको पर्खाइमा रहेका बिरामीहरूलाई आशा र जीवनको दोस्रो मौका प्रदान गर्छ। स्वेच्छिक अङ्ग तथा टिस्यु दानलाई प्रबद्र्धन गर्न र सहभागिता र सामाजिक उत्तरदायित्वको संस्कृति विकास गर्न सरकारको प्रयासका कारण यो उपलब्धि हासिल भएको मन्त्रालयले जनाएको छ।
यस अवसरमा राष्ट्रिय अंग तथा टिस्यु प्रत्यारोपण संस्थाका निर्देशक डा. अनिल कुमारले अंगदानका लागि जनताबाट प्राप्त अपार सहयोगप्रति आभार व्यक्त गर्नुभएको छ। उहाँले यो उपलब्धि हासिल गर्न सबै राज्य सरकारहरू र केन्द्र शासित प्रदेश प्रशासनहरूको निरन्तर प्रतिबद्धता र सहयोगको प्रयासहरूको पनि सराहना गर्नुभएको छ।

## भारत-मोरक्को विदेश मंत्रालय

भारत र मोरक्कोबीच आतङ्कवाद रोधी संयुक्त कार्यदलको दोस्रो बैठक हिजो नयाँ दिल्लीमा सम्पन्न भयो। भारतीय विदेश मन्त्रालयका सहसचिव डा. विनोद बहाडे र मोरक्कोका राष्ट्रिय न्यायिक पुलिस ब्रिगेडका प्रमुख हिशाम बालीले बैठक सह-अध्यक्षता गरेका थिए। बैठकमा दुवै देशहरूले आतङ्कवादका सबै स्वरुप र गतिविधिहरू, विशेष गरी सीमापार आतङ्कवादको कडा निन्दा गरेका छन्। दुवै पक्षले पहलगाम आतङ्कवादी हमला र नयाँ दिल्लीको लाल किल्ला नजिकै भएको आतङ्कवादी घटनाको पनि निन्दा गरेका छन्। भारतीय विदेश मन्त्रालयले भनेको छ, "दुई देशहरूले सूचना आदानप्रदान, क्षमता निर्माण र उत्तम कार्यप्रणालिहरूको आदान-प्रदानको माध्यमबाट आतङ्कवाद विरुद्ध द्विपक्षीय सहयोगलाई अझ बलियो बनाउने तरिकाहरूमा छलफल गरेका छन्। भारत र मोरक्कोले संयुक्त राष्ट्र संघ, फाइनान्सियल एक्सन टास्क फोर्स र ग्लोबल काउन्टर-टेरोरिज्म फोरम जस्ता बहुपक्षीय मञ्चहरूमा सहयोग बढाउने आफ्नो प्रतिबद्धतालाई दोहोर्याए। दुवै देशबीच अघिलो बैठक मोरक्कोमा गर्ने सहमति भएको छ।

## भारत एफआईएच प्रो

**एफ.आई.एच प्रो लीग को** शुरूआती मुकाबलामा आज भारतीय पुरुष हॉकी टीमको सामना पाकिस्तान सित हुनेछ। 2024 मा चीनको हुलुनबुइरमा आयोजित एशियाई चैंपियंस ट्रॉफी पछि यो भारत अनि पाकिस्तान माझ पहिलो मुकाबला हो। भारतीय टीमले हिज एफ.आई.एच प्रो लीगको रॉटरडैम चरणको आफ्नो अंतिम म्याचमा नीदरलैंड्स लाई 3-2 ले हरायो। भारतको तर्फबाट जुगराज सिंह, अभिषेक अनि राजिंदर सिंहले गोल गरेका थिए।

**<u>मुख्य समाचार        बिहान ७.२५ बजे ,दिनांक १७ /०६/२६.</u>**

१.प्रधानमंत्री नरेन्द्र मोदीले  फ्रांसमा हिज जी-7 शिखर सम्मेलनमा  एक सत्रलाई संबोधित गर्नुहुदै अंतरराष्ट्रीय साझेदारीमा  **विश्वास** को  महत्वमाथि  ज़ोर दिनु भएको छ ।

२.जी-7 शिखर सम्मेलनको  क्रममा , प्रधानमंत्री नरेंद्र मोदीले  आज अमरीकाका  राष्ट्रपति डोनाल्ड ट्रंपको  साथ बैठक गर्नुहुनेछ ।

३.यमुना नदीको पुनरुत्थानका लागि किशाउ बाँध परियोजनामा छवटा राज्यबीच सहमति भएको छ।।

**४.आगामी NEET परीक्षालाई ध्यानमा राख्दै राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले विद्यार्थी र अभिभावकहरूलाई ठगी गर्नेहरूबाट सावधान रहन आग्रह गरेको छ।**

**५.श्रीलंकामा त्रिकोणात्मक एकदिवसीय क्रिकेट शृंखलामा आज भारत ए ले अफगानिस्तान ए को सामना गर्नेछ। खेल बिहान १०:०० बजे सुरु हुनेछ।**